YUNNAN DAILY PRESS GROUP
云南日报报业集团
Issue No. 5

# CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY | वर्ष २४, अंक ८, २०७५ साल वैशाख १२ गते बुधवार YEAR 24, ISSUE 8, APRIL 25, 2018


# उत्कृष्ट प्रतिभाहरू भित्र्याउन र प्रशिक्षित गर्न युन्नानमा १० अरबको लगानी

अति आवश्यक उच्चस्तरीय प्रतिभाहरू युन्नानमा भित्र्याउन र युन्नान विशेषतायुक्त तथा क्षेत्रीय प्रतिस्पर्धात्मक प्रतिभा बनाउनलाई हालमा युन्नान प्रान्तीय कमिटिको कार्यालय र प्रान्तीय सरकारी कार्यलयले 'युन्नानमा हजारौं प्रतिभा योजना' कार्यान्वयन विधि (परीक्षण) र 'युन्नानमा लाखौं प्रतिभा योजना' कार्यान्वयन विधि (परीक्षण) जारी गरेका छन् । यो युन्नान प्रान्तको नयाँ प्रतिभा नीति शुरु गरेको प्रतीक हो ।

दुई योजनामा १५ विशेष परियोजना राखिएका छन् । यसमा प्रतिभा व्यक्ति र प्रतिभा दल, दीर्घकालीन र अल्पकालीन, सर्वोत्कृष्ट र सामान्य प्रतिभा, युवक प्रतिभा र उच्चस्तरीय प्रतिभा, उद्यमी प्रतिभा र पार्टी तथा सरकारी प्रतिभा, टेक प्रतिभा र उद्योग प्रतिभा आदि किसिम किसिमका प्रतिभा परियोजना छन् । यसको ठूलो विशेषता के हो भने परियोजनाको रकम अझै एकीकृत हुनेछ । दुई योजनाको पाँच वर्ष कार्यान्वयन कालमा बढीमा १० अरब युआन खर्च हुनेछ । माग पूरा गरेका प्रतिभाहरूलाई हरित मार्गका २७ सुविधाहरू, विमानस्थल, हाइ स्पीड रेल स्टेशनमा VIP मार्गको प्रयोग गर्ने, पर्यटकीय स्थल मुफ्तमा हेर्ने आदि विशेष सेवाहरू उपलब्ध छन् ।

**'हजारौं प्रतिभा योजना'**

'हजारौं प्रतिभा योजना' युन्नान प्रान्तको उच्चस्तरीय प्रतिभा भित्र्याउने योजना हो । यसको उद्देश्य के हो भने युन्नान प्रान्तको विकास नीतिअनुसार प्राकृतिक विज्ञान, इन्जिनियरिङ टेक्नोलोजी, मानविकी तथा सामाजिक विज्ञान, प्रबन्ध तथा परामर्श र अरू क्षेत्रका अति आवश्यक प्रतिभाहरू मुख्य रूपमा भित्र्याइने छन् । अर्थात् ५-१० वर्षमा हजारौं उच्चस्तरीय प्रतिभाहरू भित्र्याइने छन् । 'हजारौं प्रतिभा योजना'का लागि प्रत्येक वर्ष अप्रिल १ देखि जुन ३० सम्म आवेदन पत्र पेश गरिनेछ र समीक्षा गरिनेछ । यसका ७ वटा विशेष परियोजना छन् । तिनीहरूमध्ये उच्चस्तरीय विशेष प्रतिभा परियोजनामा लगभग २००, उच्चस्तरीय विदेशी विशेषज्ञ परियोजनामा १००, मानविकी तथा सामाजिक विज्ञान परियोजनामा २००, औद्योगिक प्रतिभा परियोजनामा ३००, युवक प्रतिभा परियोजनामा १०००, पार्टी एवं सरकारी युवा परियोजनामा ५०० र उच्चस्तरीय नवीकरण र उद्यमी टीमका १०० प्रतिभाहरू भित्र्याइने छन् । उच्चस्तरीय विदेशी विशेषज्ञ परियोजनामा गैर चिनियाँ नागरिक, करिब ६५ वर्षभन्दा कम उमेर भएको, विदेशी विश्वविद्यालय र वैज्ञानिक अनुसन्धान निकायका मुख्य पदमा अनुसन्धान र प्रबन्धका अनुभव भएको, विदेशी चिकित्सक निकाय तथा ठूला उद्यममा मध्य एवं उच्च प्रोफेसनल प्राविधिक उपाधि पाएको अथवा प्रबन्धक पद सम्हालेको, संसारमा अग्रणी स्वतन्त्र बौद्धिक सम्पत्ति अधिकार प्राप्त गरेको र मुख्य प्रविधि दखल गरेको विदेशी प्रतिभाहरू आवेदन पत्र पेश गर्न सक्छन् । चयन गरिसकेपछि युन्नानमा कम से कम ३ वर्ष निरन्तर काम गर्नुपर्छ र हरेक वर्षमा कम्तीमा ६ महिनासम्म काम गर्नुपर्छ ।

## आकर्षक युन्नान

**'लाखौं प्रतिभा योजना'**

'लाखौं प्रतिभा योजना' युन्नानमा १० वर्षभित्र दस हजारभन्दा बढी उच्चस्तरीय प्रतिभाहरू प्रशिक्षण गर्ने योजना हो । यसको उद्देश्य के हो भने युन्नान प्रान्तको विकास नीति र सामाजिक आवश्यकताअनुसार ५ वर्षको अवधिमा मुख्यतः प्राकृतिक विज्ञान, इन्जिनियरिङ टेक्नोलोजी, मानविकी, सामाजिक विज्ञान, व्यवस्थापन, प्रबन्धन र प्रविधि आदि क्षेत्रमा अति आवश्यक प्रतिभाहरू प्रशिक्षण गर्नु हो । अझै १० वर्षभित्र दस हजारभन्दा बढी उच्चस्तरीय प्रतिभाहरू प्रशिक्षण गरिनेछ । 'लाखौं प्रतिभा योजना'का लागि प्रत्येक वर्ष अप्रिल १ देखि जुन ३० सम्म आवेदन पत्र पेश गरिनेछ र समीक्षा गरिनेछ । यसमा ४ स्तरका ८ परियोजना र अरू प्रशिक्षण तथा प्रोत्साहन उपायहरू समावेश छन् । पहिलो स्तर : अग्रणी वैज्ञानिक प्रतिभा परियोजना, दोस्रो स्तर : युन्लिङ विद्वान परियोजना, तेस्रो स्तर : उद्यमी प्राविधिक अग्रणी प्रतिभा, प्रमुख टेक्निसियन, प्रसिद्ध शिक्षक, प्रसिद्ध चिकित्सक, प्रसिद्ध सांस्कृतिक व्यक्ति परियोजना, चौथो स्तर : युवक अग्रणी प्रतिभा परियोजना ।

**वित्तीय सहायता**

चयन गरिएका प्रतिभाहरूलाई वित्तीय सहायता दिइनेछ । परियोजनाको रकम र भत्ता ओभरले रूपमा प्रदान गरिनेछ । छानिएका प्रतिभाहरूलाई एक जना एक पटकै काम र जीवन भत्ता (बढीमा २० लाख युआन) र विशेष जीवन भत्ता (वर्षमा बढीमा २ लाख युआन) का साथै परियोजनाको रकम (बढीमा ३ करोड युआन) र प्रशिक्षण रकम(बढीमा १ करोड युआन) प्रदान गरिनेछ । छानिएका उच्चस्तरीय प्रतिभाहरूलाई पुष्टीकरण र कार्य सम्झौता गरेपछि एक पटकै १० लाख युआनको काम र जीवन भत्ता दिइनेछ । चिनियाँ दुई एकादमीका कार्यरत एकादमिकलाई २० लाख युआनको भत्ता दिइनेछ । छानिएका उच्चस्तरीय विदेशी विशेषज्ञहरू, मानविकी तथा सामाजिक विज्ञानका प्रतिभाहरू, औद्योगिक प्रतिभाहरू र युवा प्रतिभाहरूलाई एक जना एक पटकै काम र जीवन भत्ता ५ लाख युआन दिइनेछ । (यस पत्रिकाबाट सम्पादित)

**अतिरिक्त पढ्ने सामग्री**

**विदेशी विशेषज्ञहरूबाट युन्नान 'हजारौं प्रतिभा योजना'को प्रशंसा** : युन्नान कृषि विश्वविद्यालयमा धानको अध्ययन गर्ने कोरियाली कृषि विशेषज्ञ ली डोङशुआनको विचारमा 'हजारौं प्रतिभा योजना'ले विदेशी उत्कृष्ट प्रतिभाहरूलाई अझ राम्रो काम गरोस् भनेर राम्रो अवसर र वातावरण प्रदान गरेको छ । उनी भन्छन्, 'बढीभन्दा बढी विदेशी विशेषज्ञहरू युन्नानमा कृषि अध्ययन गरेर युन्नानको विकास अगाडि बढाउने मेरो दृढ विश्वास छ ।' 'हजारौं प्रतिभा योजना'ले युन्नान प्रान्तको प्रतिभा अवधारणा पूर्ण रूपमा प्रतिबिम्बित गरेको छ ।' दक्षिण-पश्चिम वन विश्वविद्यालयमा कार्यरत विदेशी विशेषज्ञ याङ हुङजी भन्छन् । उनी सम्झन्छन्, यस योजनाको लागू भएपछि युन्नान प्रान्तमा नयाँ विदेशी प्रतिभाको रणनीति तय हुनेछ ।

*(हान चङ्युआन, ल्यू जियु)*

## सूचना

### 'गरिबी निवारण' नामक ई-पुस्तक अंग्रेजी र फ्रेञ्च भाषामा नेटवर्कमा

चिनियाँ विदेशी भाषा विभागअन्तर्गत विदेशी भाषा प्रकाशनद्वारा अनुवाद र प्रकाशन गरिएको 'गरिबी निवारण' नामक ई-पुस्तक अंग्रेजी र फ्रेंच भाषामा अप्रिल ९ गते आमाजोन (Amazon), ओभरड्राइभ (Overdrive), यियुवेतुङ (Easy to Read) र चाङय्वे (Palm Reading) चार डिजिटल व्यापारिक प्लेटफर्ममा अनलाइन भएका छन् ।

यी पुस्तक देशविदेशका पाठकहरूका लागि बिक्री हुनेछन् । 'गरिबी निवारण' पुस्तक चिनियाँ राष्ट्रपति, केन्द्रीय सैनिक आयोगका अध्यक्ष सी चिनफिङको व्यक्तिगत रचना हो । यसमा उनले सन् १९८८ देखि १९९०सम्म निङद क्षेत्रीय पार्टी समितिका सचिव रहँदा रचेका अनुसन्धान लेख र महत्वपूर्ण भाषण जम्मै २९ लेखहरू संग्रहित छन् । १० रंगिन फोटो पनि यसमा सामेल भएका छन् । यो पुस्तकमा मिनतुङ क्षेत्र (फूज्यान प्रान्तको पूर्व क्षेत्र) मा गरिबी उन्मूलन र द्रुत विकास कसरी गर्ने भन्ने विषयमा केन्द्रित भएर एक सिलसिला व्यवस्था, अवधारणा, दृष्टिकोण र उपायहरू प्रस्तुत गरिएका छन् ।

मिनतुङ क्षेत्रका आर्थिक र सामाजिक विकासका सैद्धान्तिक र व्यावहारिक प्रश्नका उत्तर दिइएका छन् । यसमा आर्थिक, राजनीतिक, सांस्कृतिक, सामाजिक, इकोलोजिकल सभ्यता र पार्टीको निर्माण आदि महत्वपूर्ण विषयहरू छन् । गहिरो विचार, सरल तथा जीवन्त भाषाशैली र उच्च सैद्धान्तिक मूल्य यसमा छ । चिनियाँ विदेशी भाषा प्रकाशनबाट यो पुस्तक सन् २०१७ अगस्टमा प्रकाशन गरिएयता अन्तराष्ट्रिय समाजको व्यापक चासो र प्रशंसा पाएको छ ।

*(सिनह्वा)*

## गरिबी निवारण, साझा समृद्धि

### भेडाबेली च्याउ रोपेर गाउँलेको आम्दानी बृद्धि



'पोहोर साल मैले गाउँमा नेतृत्व गरी झण्डै एक एकड भेडाबेली च्याउ रोपेको थिएँ । आशा भएन, मेरो आम्दानी एकदम राम्रो थियो । ६० हजार युआन कमाएको थिएँ ।' नोचाङ गाउँका पार्टी मेम्बर चाउ युङह्वाले मुसुक्क हाँसेर भने । नोचाङ गाउँ युन्नान प्रान्तको लिनझाङ नगरअन्तर्गत झाङ्युआन वा जाति स्वशासित जिल्लाको मङज्याउ गाउँ हो, जहाँ मुख्य रूपमा लाकु जाति र वा जाति मिसिएर बस्दछन् । ३८ परिवारका ८९ जना गरिब छन् ।

पोहोर सालदेखि नोचाङ गाउँमा स्रोत एकीकृत गरी एक कम्पनी भित्रिएको छ । 'कम्पनी+गाउँ सामुदायिक अर्थ+किसान' र 'पार्टी मेम्बर+किसान' को ढाँचाका आधारमा आपसी सहयोग गरेर कृषि उद्योगको संरचना र कृषि आर्थिक संरचना समायोजन गरिएको छ । यसबाट पार्टी मेम्बर र किसानहरूका आम्दानी बढ्दै गयो । गाउँ सामुदायिक अर्थ पनि ठूलो र सबल हुँदै गयो । अचेल भेडाबेली च्याउ रोपेको अनुभव सफल भएको छ । 'पोहोर साल हाम्रो गाउँमा भेडाबेली च्याउ रोप्ने निर्णय गरिएको थियो । ३ गरिब परिवारका ६ जनालाई हामीले नेतृत्व गरी च्याउ रोप्यौं । अहिले ती ३ गरिब परिवार सबै गरिबीबाट मुक्त भए ।' नोचाङ गाउँका पार्टी सचिव झा सिले खुशीसँग पत्रकारलाई बताए ।

जानकारीअनुसार, यो गाउँमा जम्मै ४१ परिवारका १६८ जना कृषकहरू बस्छन् । दस बाह्र एकड भेडाबेली च्याउ यहाँ उब्जाइएका छन् । ताजा च्याउको उत्पादन ३.५१ टन पुगेको छ । अनि ९ लाख ६ हजार युआन आर्जन गरिएको छ । तीमध्ये कृषकहरूको आम्दानी ५ लाख ७६ हजार युआन छ । हरेक परिवारमा १४ हजार युआन वृद्धि भएको छ । गाउँ सामुदायिक आम्दानी ३० हजार युआन छ । भेडाबेली च्याउको कम लागत, उच्च दक्षता र द्रुत परिणाम आदि विशेषताहरू छन् । आजकल नोचाङ गाउँका बासिन्दाहरू भेडाबेली च्याउ उब्जाउन एकदम सक्रिय छन् । 'हामीले लाभ पाएका छौं । यो साल हामी च्याउको विकास गर्न अझै प्रयास गर्छौं, सामूहिक अर्थको विकास गरेर गरिब परिवारहरूलाई प्रोत्साहन दिन्छौं । भेडाबेली च्याउ ३० एकड रोपेर १६ लाख युआनको उत्पादन गर्ने र बढी कृषकहरू धनी होऊन् भन्ने हाम्रो आशा छ ।' जा सीले यसै भने ।

*(ली चुनलिन, शे जिन, ली वे)*

## अर्थ

### युन्नान ई-व्यापारको तीव्र विकास कृषिजन्य वस्तुको बजार विस्तारमा लाभदायक

सन् २०१७ सालमा युन्नान ई-व्यापारको तीव्र विकास भइरहेको छ । प्रान्तीय नेटवर्क लेनदेन रकम २ खरब ४ अरब १४ करोड ९० लाख युआन पुगेको र अनलाइन खुद्रा बिक्री रकम ५३ अरब ८५ करोड ४० लाख युआन पुगेको छ । पछिल्लो वर्षको तुलनामा वृद्धिदर ३९.६९% र ५४.५४% छ । प्रान्तमा अनलाइन पसल झण्डै ३ लाख नजिकिएको छ ।

अनलाइन व्यापारको द्रुत विकासले युन्नानका कृषिजन्य वस्तुलाई नयाँ बजार विस्तार गर्न नयाँ अवसर पुऱ्याएको छ । २०१७ सालको अन्तसम्म अलिबाबा समूहले युन्नानमा ३१ जिल्लामा गाउँ ताओबाओ (Taobao) व्यवसायसँग हस्ताक्षर गरेको छ । तिनीहरूमध्ये २७ जिल्लामा व्यवसाय खोलिएको छ र ३००० गाउँमा बिक्री हुँदैछ । जिङतुङ समूहले युन्नानमा ९ वटा विशेष कृषिजन्य वस्तु संग्रहालय खोलेको छ । पोअर चिया, सानची आदि युन्नानका विशेष कृषि उत्पादनहरू नेटवर्कमा एकदम लोकप्रिय छ । अनलाइन व्यापारले पहाडभित्रका विशेष वस्तुलाई लोकप्रिय चीज बनाएको छ । साथै आमजनताको गरिबी निवारणको नयाँ इन्जिन बनेको छ । एक तथ्यांकअनुसार, युन्नान कृषि उत्पादनको निर्यात रकम हालसाल पश्चिमी चीनमा पहिलो स्थानमा आएको छ । संसारका १०० भन्दा बढी देश र क्षेत्रमा यी वस्तुहरू बिक्री छन् ।

## शिक्षा

### युन्नान राष्ट्रिय विश्वविद्यालयको नेपाली भाषा स्पोटलाइटमा

यस वर्षको मार्चदेखि नेपाली भाषालगायत युन्नान राष्ट्रिय विश्वविद्यालयको दक्षिण एशिया कालेजका ७ विदेशी भाषा क्लास सुरु भएको छ । अहिले शिक्षण सुचारु रूपमा चलिरहेको छ । परिचयको अनुसार, युन्नान राष्ट्रिय विश्वविद्यालयको दक्षिण एशिया कालेजमा अब हिन्दी, बंगाली, नेपाली, उर्दू, पश्तु, तामिल, सिंहली आदि ७ स्नातक सबजेक्ट स्थापित भएका छन् । दक्षिण एशियाका मुख्य भाषा यहाँ सिकाइन्छ । बंगाली र हिन्दीबाहेक अरू भाषा पोहोर साल मात्र विद्यार्थी भर्ना भएका थिए ।

दक्षिण एसियाका राष्ट्रहरूका राजनीति, अर्थ, संस्कृति आदि विभिन्न आधारभूत सामान्यज्ञान प्रारम्भिक अध्ययन गरेपछि यस पढाइसत्रदेखि आ-आफ्नो लक्षित देशका भाषा औपचारिक रूपमा सिक्न थालेका छन् । 'अंग्रेजी भाषा सिक्न सबभन्दा पहिले २६ अक्षर सिक्नुपर्ने जस्तै नेपाली भाषा सिक्न पनि टैडपोलजस्तो अक्षर सर्वप्रथम सिक्नुपर्छ ।' नेपाली क्लासका लुङचन शङ्युले यसरी भने । उनको विचारमा नेपाली भाषा सिक्न विद्यार्थीलाई एकदम गाह्रो हुन्छ । किनभने चिनियाँ भाषा सिक्ने तरीकाजस्तै नेपाली त्यसै सिक्न हुँदैन । आफैले नेपाली सिक्ने तरीका पत्ता लगाए मात्र शब्दहरू राम्ररी याद गर्न सकिन्छ । यसका साथै सिक्ने क्रममा पनि सिकाइको रमाइलो पनि मिल्छ । हालसाल युन्नान राष्ट्रिय विश्वविद्यालय र नेपालका सम्बन्धित विश्वविद्यालय तथा निकायबीच आदानप्रदान र सहयोग बढ्दैछ । गत साल डिसेम्बरमा युन्नान राष्ट्रिय विश्वविद्यालयको नेपाल अध्ययन केन्द्र र नेपाली भाषा स्टडी केन्द्र उद्घाटित भयो । अनि त्रिभुवन विश्वविद्यालयसँग सहयोग सम्झौता पनि गरिसक्यो । यसबाहेक युन्नान राष्ट्रिय विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालय र खुनमिङ ITL कम्पनीसँग पनि त्रिपक्षीय सहयोग सम्झौता गऱ्यो ।

*(हान चङ्युआन)*

## तस्बिर समाचार

### बजारमा खुनमिङबाट निर्मित रोबोटको उत्साहजनक बिक्री



यस वर्षदेखि खुनमिङ छाङश्वी विमानस्थलमा विशेष आंकडाको लहर देखिन थालेको छ । १.२ मिटर अग्लो, सेता स्कर्ट लगाएकी Cruzr रोबोट यात्रीहरूलाई सूचना अन्वेषण, सोधपूछ, दिशानिर्देश र युन्नान पर्यटनको प्रचार गर्ने सेवा उपलब्ध गराउँछन् ।

Cruzr रोबोट खुनमिङ यौबीश्वान टेक्नोलोजी कम्पनीले बनाएको हो । कम्पनीका नेता चु हाइमिङका जानकारीअनुसार, उनीहरूको उत्पादन लाइन संसारको पहिले इन्टेलिजेन्ट सर्भिस रोबोट स्वचालन कारखाना हो । २०१७ अक्टुबर १६ मा उत्पादन शुरु भएपछि १० हजार भन्दा बढी रोबोट बेचिएका छन् । चीनका नयाँ खुद्रा, सरकारी हल, होटल र प्रदर्शनी आदि स्थानमा तिनका सेवा भइरहेका छन् ।

*(चाङ यानझुन, चाङ थुङ)*

*चिनियाँबाट नेपालीमा अनुवाद : ह ठाव रूङ*

## कथा

### जिमिनी : यहाँ हामी एक परिवार हौं

जिमिनीसँग भेट्ता उनी खुशीका साथ हामीलाई भन्छिन्, चिनियाँ उद्योगले मेरो गृहघरमा नयाँ परिवर्तन ल्याएकोमा धेरै धन्यवाद छ । जिमिनी श्रीलंकाकी एउटी केटी हुन् । सन् २०१३ सेप्टेम्बरदेखि चिनियाँ जलविद्युत् १४ विभागका श्रीलंका मोरागहकन्द जलाशय (संक्षिप्तमा M बाँध) परियोजना विभागमा कार्यरत् छिन् । चिनियाँ गुरु हुङ चेनछ्वानको प्रशिक्षणअन्तर्गत उनले कार्यालयमा काम गर्ने कुरमा थोरै समयमै राम्रो दखल हासिल गरेकी छन् । अझ महत्वपूर्ण कुरा त के भने उनले चिनियाँ भाषा सिक्न र चिनियाँ संस्कृतिबारे जानकारी लिन थालेकी छिन् ।

जिमिनी भन्छिन्, यो परियोजना श्रीलंकाको इतिहासमा सबभन्दा ठूलो जल नियन्त्रण परियोजना हो । यो परियोजना सुरु भएदेखि सबैले कठिनाई हटाएर छिटै काम गर्छन् । साथै उनीहरू पैसा र सामान चन्दा गरेर स्थानीय बासिन्दाहरूको जीवन सुधार गर्छन् । ४००० भन्दा बढी श्रीलंका बासिन्दाहरू जिमिनी जस्तै हरेक दिन 'चिनियाँ जलविद्युत्' कार्य पोशाक लगाएर चिनियाँ कर्मचारीसँगै निर्माण स्थलमा काम गर्न व्यस्त छन् ।




यो परियोजनाको निर्माणमा जिमिनीले त्यस्ता चिनियाँ सहकर्मीहरू देखेकी छिन्, जो दिन पर दिन उष्ण कटिबन्धीय क्षेत्रका वर्षात् वनमा, विशाल पहाडमा दृढतापूर्वक काम गर्दछन्, चाहे ५० सेल्सियस डिग्रीको गर्मी ऋतुमा होस् या आँधीबेहरी वर्षा ऋतुमा होस् । चिनियाँ सहकर्मीको परिश्रमी स्वभावको असरमा जिमिनी सधैं दिउँसो भोजनको समय, आइतवार र पोया पर्वसमेत प्रयोग गरेर कार्यलयका आपतकालीन काम गर्दछिन् । 'यहाँ मलाई टीमको एक सदस्य हुँ जस्तो लाग्छ । हामी एक परिवार हौं ।' जिमिनी भन्छिन्, 'चिनियाँ सहकर्मीबाट म आफ्नो कर्तव्य र जिम्मेवारीको महत्व बुझ्नसक्छु । काममा अझ सहनशील र सिपालु हुनसक्छु ।'

पाँच वर्षको निर्माणपछि M बाँधमा २०१७ जनवरीमा फाटक बन्द गरेर जल भण्डारण गर्न थालियो । २०१७ डिसेम्बरमा ४ वटा ठाडो अक्ष मिश्रित प्रवाह हाइड्रो-जनन एकाईले जलविद्युत् निकाल्न थाले । २०१८ जनवरीमा जलाशय पूर्ण गरेर श्रीलंकालाई हस्तान्तरण गरियो । अहिले M बाँधबाट श्रीलंकालाई प्रशस्त स्वच्छ र हरियो ऊर्जा उपलब्ध छ । स्थानीय विद्युतको अभाव कम गर्नलाई पनि महत्वपूर्ण छ । यसमा जिमिनीलाई धेरै गर्व लाग्छ ।

*(वु फिङ, रान लुठाओ)*

## आवाज

### बोआओ फोरम झन् प्रभावशाली बन्दै

बोआओ एशिया फोरमको २०१८ वार्षिक सम्मेलन अप्रिल ८ देखि ११ सम्म हाइनानमा सम्पन्न भएको छ । बोआओ एशिया फोरम एशियाका कतिपय राष्ट्रहरूको संयुक्त पहलमा सन् १९९७ को एशिया वित्तीय संकटपछि स्थापित भएको अन्तर्राष्ट्रिय सम्मेलन संगठन हो । त्यसको मूल इरादा एशियाई मामिलामा एशियाई मात्र छलफल गर्नसक्ने मञ्च स्थापना गर्नु हो । हाल साल विश्वको अर्थतन्त्रमा चीन तथा एशियाका महत्व बढ्दै गएको तथा चिनियाँ सरकारको ठूलो समर्थनले बोआओ फोरमको भूमिका र मुद्दाहरू बडो विस्तृत भएका छन् र एसिया विशेषतासहित ग्लोबल प्रभावकारी अन्तर्राष्ट्रिय आदानप्रदान फोरम पनि बन्दै गएको छ ।

२०१८ बोआओ वार्षिक सम्मेलनको विषयवस्तु 'खुला, सिर्जनाशील एशिया समृद्ध, विकासशील विश्व' हो । यस विषयमा 'ग्लोबलिजिशन र वेल्ट एन्ड रोड', 'खुला एशिया', 'सिर्जनशीलता', 'सुधार फेरि सुरुवात' आदि चार ठूला भाग राखिएका छन् । यसको मतलब के हो भने यस पटकको फोरममा दुई महत्वपूर्ण सम्बन्ध- खुला र सुधार, चीन र विश्वमा केन्दित भएर गहिरो छलफल हुनेछ । यस वर्षको सम्मेलनमा उपस्थित अतिथिहरू २ हजार भन्दा बढी छ । राष्ट्राध्यक्ष, सरकारी प्रमुख, अन्तर्राष्ट्रिय संगठनका प्रमुख, व्यापारिक नेता, विद्वान् र विशेषज्ञ, मिडिया नेता आदि ठूला ठूला प्रतिभाहरू भेला भएका छन् । यति मात्र होइन, चिनियाँ आर्थिक र वित्तीय विभागका प्रमुखले राष्ट्रपति सी चिनफिङको साथमा यस सम्मेलनमा भाग लिएका छन् र नयाँ वित्तीय नेता समूहको नीति, तर्कको व्याख्या गरेका छन्, बैंकिङ सुधार र खुला गर्ने नीति तथा उपायहरू घोषणा गरेका छन् ।

इन्डोनेसिया विश्वविद्यालयका उपकुलपति कजारिया अफिवले भने, ग्लोबलिजिशन अब चौबाटोमा छ, यसले हामीलाई मानव नियति समदायको महत्वपूर्ण विषयमा राम्रो जानकारी दिएको छ । चीनले कायम गरेको विकास दिशा, विकास अवधारणाले क्षेत्रीय र विश्वको सहयोग र विश्वासमा ठूलो योगदान गरेको छ । यस अर्थमा बोआओ एशिया फोरम एशियाई देशहरू मिलेर सुन्दर भविष्य निर्माण गर्ने महत्वपूर्ण मञ्च हो ।

*(चाङ जे, 'जन दैनिक अखबारको ओभरसोस संस्करण')*